# बेनी नगरपालिका

# अति वित्पन्न जेहेन्दार दलित छात्रवृत्ति कार्यान्वयन कार्यविधि -२०७९

**प्रमाणिकरण मितिः-२०७९।०८।०५**

बेनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बेनी,म्याग्दी

# अति वित्पन्न दलित जेहेन्दार छात्रवृत्ति कार्यान्वयन कार्यविधि -२०७९

**प्रस्तावना**

नेपाल सरकारको संविधान प्रदत्त मौलिक हकको रुपमा रहेको सबैका लागि शिक्षा कार्यक्रम कार्यान्वयन गर्न, विद्यालय बाहिर रहेका बालबालिकाको विद्यालयमा पहुँच बढाउन तथा सबै बालबालिकाहरुलाई विद्यालयमा टिकाई राख्न र गुणस्तरीय शिक्षाको सुनिश्चितताको लागि विद्यालय जाने उमेरका लक्षित समूहका बालबालिकालाई छात्रवृत्ती उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारको संविधान प्रदत्त स्थानीय तहको एकल अधिकार ,स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ११ उपदफा ( २) ज( १६) मा उल्लेखित स्थानीय तहको शिक्षा सम्वन्धी अधिकार तथा बेनी नगरपालिकाको शिक्षा ऐन ,२०७४ को दफा १८ उपदफा ( ५) को ब्यवस्थालाई कार्यान्वयन गर्न बान्छनिय भएकोले बेनी नगरपालिकाको शिक्षा ऐन ,२०७४ को दफा ४० उपदफा ( १) ले दिएको अधिकार प्रयोग गरी बेनी नगर कार्यपालिकाको बैठकले " अति वित्पन्न जेहेन्दार दलित छात्रवृत्ती कार्यान्वयन कार्यविधि -२०७९ " जारी गरेको छ ।

परिच्छेद १

**१ संक्षिप्त नाम र प्रारम्भ**

१.१ यो कार्यविधिको नाम " अति वित्पन्न दलित जेहेन्दार छात्रवृत्ति कार्यान्वयन कार्यविधि -२०७९ " रहनेछ ।

१.२ कार्यविधि बेनी नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भए पश्चात यो कार्यविधि कार्यान्वयनमा आउने छ ।

१.३ यो कार्यविधि बेनी नगरपालिकाका सामुदायिक विद्यालय/क्याम्पसहरुको हकमा मात्र लागु हुनेछ ।

**२ परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा लक्षित अन्तर्गत :

- जेहेन्दार विद्यार्थी भन्नाले बेनी नगरपालिकाका सामुदायिक माध्यमिक विद्यालयहरुमा अध्ययन गरी उत्कृष्ठ जि.पि.ए. प्राप्त गरी बेनी नगरपालिकामा स्थाइ बसोबास गर्ने दलित विद्यार्थीलाई सम्झनु पर्दछ ।
- अति विपन्न विद्यार्थी भन्नाले न्यून आयस्रोत भएका बेनी नगरपालिका भित्रका सामुदायिक शिक्षण संस्थामा उच्च माध्यमिक तह वा उच्च शिक्षा अध्ययन गर्ने बेनी नगरपालिकामा स्थाइ बसोबास भएको दलित विद्यार्थी सम्झनु पर्दछ ।

परिच्छेद २

**३ उद्देश्यहरु**

यस कार्यविधि कार्यान्वयनका उद्देश्यहरु देहाय अनुसार रहेको छ ।

क) तोकिएको आधारमा लक्षित वर्गका विद्यार्थीहरु पहिचान गरी छात्रवृत्ती प्रदान गर्ने ब्यवस्था गर्ने ।

ख) छनौट भएका लक्षित विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययन गर्न प्रोत्साहन गर्ने ।

परिच्छेद ३

**छात्रवृत्ति सम्बन्धी ब्यवस्था**

**४ विद्यार्थी छनोट प्रक्रियाः** (क) -जेहेन्दार छात्रवृत्तीका लागि एस.इ.इ. वा सो भन्दा माथिका स्तरिकृत परीक्षामा उत्कृष्ट जी. पि. ए. सहित सफल हुने जेहेन्दार दलित छात्रछात्राहरुबाट अनुसूची १ अनुसारको ढाँचामा निवेदन संकलन गर्ने र सबैभन्दा बढी जि.पि.ए. प्राप्त गर्ने विद्यार्थीलाई छात्रवृत्तिका लागि छनोट गर्ने।छनोट गर्दा निम्न संख्यामा छनोट गर्ने ।

कक्षा ११ मा ३ जना, कक्षा १२ मा ३ जना, स्नातक तह प्रथम वर्षमा २ जना द्वितीय वर्षमा २जना तृतीय वर्षमा २ जना चौथो वर्षमा २ जना र स्नातकोत्तर तह प्रथम वर्षमा १ जना र द्वितीय वर्षमा १ जनालाई वार्षिक प्रतिव्यक्ति रु १५००० (पन्ध्र हजार रुपैया) प्रदान गर्ने ।तर तोकिएको संख्या भन्दा बढी विद्यार्थीको समान जि.पि.ए. भएमा अति विपन्न वर्गका विद्यार्थीलाई प्राथमिकता दिने ।

**(ख)** अति विपन्न दलित छात्रवृत्तीका लागि एस.इ.इ. भन्दा माथिल्लो तहमा अध्ययन गर्ने अति विपन्न वर्गका विद्यार्थीहरुका लागि गरिब परिचय पत्र वा विपन्न प्रमाणित सम्बन्धित वडा कार्यालयको सिफारिस, एस.इ.इ.उत्तीर्ण गरेको विद्यालयको सिफारिस र हाल अध्ययन गरिरहेको शिक्षण संस्थाको सिफारिस सहित निवेदन संङ्कलन गर्ने र नगर शिक्षा समितिले छानविन गरी छनोट गर्ने ।छनोट भएका ४ जना विद्यार्थीलाई प्रतिव्यक्ति वार्षिक रु १५०००/- (पन्ध्र हजार रुपैया) का दरले छात्रवृत्ती रकम उपलब्ध गराउने ।

**(ग)** उपदफा क र ख बमोजिमको छात्रवृत्ति उपलब्ध गराउदा सरकारी कोषबाट प्रदान गरिने अन्य छात्रवृत्तिसँग दोहोरो पर्ने गरी छनोट गरिने छैन ।

**(घ)**

**५ छात्रवृत्ति प्राप्त गर्न निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः**

कार्यालयबाट छात्रवृत्ति वितरण सम्बन्धी १५ दिने सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने छ । ईच्छुक ब्यक्तीले अनुसूची १ अनुसारको ढाँचामा तोकिएको कागजातहरु सहित निवेदन पेश गर्नुपर्ने छ ।

**६ छात्रवृत्ति रकम निकासा**

निवेदनको छानविन बेनी नगरपालिका नगर शिक्षा समितिबाट हुनेछ । नगर शिक्षा समितिबाट सिफारिस भई आए पछि विद्यार्थीलाई तोकिएको रकम बैङ्क खातामा निकाशा दिईनेछ ।

**७ यस कार्यविधि बमोजिम हुने** :

यस कार्यविधिमा उल्लिखित कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

## अनुसूची १

## दलित वित्पन्न छात्रवृत्ति निवेदन फाराम

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
बेनी, नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी ,म्याग्दी ।

**विषयः- छात्रवृत्ति सम्वन्धमा ।**

बेनी नगरपालिकाको मिति ...............को सूचना बमोजिम ----------- तह र ------ विषयको अध्ययनका लागि प्रदान गरिने छात्रवृत्ति पाउन मेरो ब्यक्तिगत, संस्थागत र अन्य विवरण खुलाई तहाँ कार्यालय समक्ष यो निवेदन पेश गरेको छु ।

**ब्यक्तिगत विवरण :**

क नाम :

ख ठेगाना :

ग पिताको नाम

घ आमाको नामः

ङ उत्तीर्ण गरेको १० वा सो सरह / कक्षा १२ पढेको शिक्षण सस्थाको नामः

च अध्ययनरत शिक्षण सस्था :

१ विद्यालय / क्याम्पस नाम र ठेगाना :

२ विद्यालय/ क्याम्पस प्रकार :सामुदायिक / निजी ठेगाना :

३ अध्ययनरत विषय :

२ शैक्षिक विवरण :

| क्र .स | अध्ययन गरेको गरेको शिक्षण संस्था | उत्तीर्ण साल | श्रेणी | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**३ अध्ययन लागत :**

अध्ययन मासिक शुल्क

४ माथी उल्लेख गरेको व्यहोरा ठीक / साचो छ । झुठा ठहरे कानुन बमोजिम सहुला बुझाउला ।

निवेदकको

नाम :

ठेगाना:

सम्पर्क नं :

हस्ताक्षर

दायाँ बायाँ

नोटः निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु

१ नागरिकता / जन्मदर्ताको प्रतिलिपि

२ बिपन्न छात्रवृत्तिको लागि बिपन्नता खुल्ने गरि सम्बन्धित वडा कार्यालयको सिफारिस, एसइइ उतिर्ण गरेको विद्यालयको सिफारिस र हाल अध्ययनरत शैक्षिक संस्थाको सिफारिस

३ एसइइ परीक्षाको ग्रेडसिट साथै निवेदकले उतिर्ण गरेको सबैभन्दा पछिल्लो स्तरिकृत परिक्षाको ग्रेडसिटको प्रमाणित प्रतिलिपिहरु

४ विद्यालय / क्याम्पस भर्ना भएको रसिद प्रतिलिपि

५ सम्बन्धित विद्यालय / क्याम्पसबाट अध्ययनरत रहेको सिफारिस पत्र ।

६ दलित प्रमाणित पत्रको प्रतिलिपि

७ आफ्नै नाममा रहेको बैंक खाताको चेकको प्रतिलिपी

८ गरिव परिचयपत्र को प्रमाणित प्रतिलिपी